का.जि.प्र.का.द.नं. १००/०५९/६०

९ असार २०८०,
शनिबार
24 June 2023,
Saturay

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १४९ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com



# ओलीमाथि आशंका

**फेरि अर्को सत्ता समीकरण निर्माण खेल भइरहेको संकेत स्वयम् प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र सत्तारुढ नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले नै दिएका छन् । तर प्रचण्ड र माधव नेपालले अहिलेकै समीकरण कायम राख्ने दाबी पनि गरेका छन् ।**



केपी ओलीले नेपाली कांग्रेसलाई प्रभावित पारेर कांग्रेसले नै सरकार चलाओस्, साथ दिन तयार छु भनिरहेका छन् ।

**माधवकुमार नेपाल**
**अध्यक्ष, एकीकृत समाजवादी**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ८ असार ।

सत्ता साझेदार दल नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली सरकार बदल्ने खेलमा लागेको बताएका छन् । पार्टी केन्द्रीय कार्यालयमा शुक्रबार आयोजित एक कार्यक्रममा अध्यक्ष नेपालले नेपाली कांग्रेसको साथ लिएर सरकार बदल्ने खेलमा ओली लागेको बताए ।

'नेकपा एमालेका अध्यक्ष केपी ओली बर्बराइरहेको तपाइँहरुले सुनिरहनुभएको छ । कस्तो बिडम्बना होला, कस्तो चरित्र होला' अध्यक्ष नेपालले भने, 'कम्युनिष्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वमा रहेको सरकार ढालेर ... ।' कांग्रेससँग सरकार बनाउनकै लागि समाजवादी मोर्चामा एमाले नजोडिएको पनि अध्यक्ष नेपालले बताए ।

तर आफू भने समाजवादी शक्तिलाई एकताबद्ध बनाउने अभियानमा रहेको बताए । 'केपी ओलीले पृष्ठ २ मा

## भू-क्षय न्यूनीकरणका उपाय अपनाऔं

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भूकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं।

*भू-क्षयबाट बचौं र बचाऔं।*


नेपाल सरकार
विज्ञापन बोर्ड



ओखलढुंगाको चम्पादेवी गाउँपालिका-९ मा बिहीबार राति गएको पहिरोले पुऱ्याएको क्षति । पहिरोले घर पुरिदा एकै घरका तीन जनाको मृत्यु भएको छ भने एक जना बेपत्ता भएका छन् । केही दिनदेखिको अविरल वर्षाका कारण पूर्वी नेपालमा ठूलो संख्यामा जनधनको क्षति भइसकेको छ ।

***तस्वीर***: *पूर्णप्रसाद न्यौपाने, रासस*

# सधैं शक्तिमा उपेन्द्र !



मधेश आन्दोलनबाट उदाएका उपेन्द्र यादव फेरि पनि पार्टीभित्र थप शक्तिशाली हुने र सत्ताको नजिक रहने यात्रामा अगाडि बढेका छन् ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ८ असार ।

सत्तारुढ दल जनता समाजवादी पार्टी (जसपा) ले आइतबारदेखि पहिलो विधान महाधिवेशन गर्दैछ । विधान महाधिवेशनको तयारी अन्तिम चरणमा पुगेको नेताहरुले बताएका छन् । विधान महाधिवेशनका लागि आज केन्द्रीय कार्य समिति बैठक बस्ने प्रवक्ता मनिष सुमन बताउँछन् ।

मधेश केन्द्रीत शक्ति जसपाको विधान महाधिवेशन राजधानी काठमाडौंमै हुनेछ । नेताहरु मात्रै सामेल हुने भएकाले विधान महाधिवेशन काठमाडौंमा गर्न लागेको नेताहरुले बताएका छन् । विधान महाधिवेशनमा केन्द्रीय समितिका ४१०, प्रदेश र जिल्ला (भातृ संस्थासहित) ८०० प्रतिनिधि सहभागी हुँदैछन् । यो विधान महाधिवेशनले पार्टीको संरचनाबारे निर्णय लिनेछ ।

लगातार पार्टी विभाजनको चोट खेपेको जसपाले यो विधान महाधिवेशनलाई पहिलो भनेको छ । विधान महाधिवेशनबाट जसपाले पार्टीको एउटा संरचना नै खारेज गर्ने तयारी गरेको छ । एक नेताका अनुसार, २०७६ देखि अस्तित्वमा ल्याइएको संघीय परिषद् खारेज गर्ने तयारी छ ।

पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई नेतृत्वको पार्टीसँग एकता गर्दा संघीय परिषद्को संरचना व्यवस्था गरिएको थियो । तर गत वर्ष भट्टराईले पार्टी अलग गरेपछि यो संरचनामा अशोक राई रहेका पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# संघद्वारा मुख्य सचिव र प्रधानमन्त्रीका सल्लाहकारसमक्ष वैदेशिक रोजगार क्षेत्रका समस्या समाधानका लागि ध्यानाकर्षण

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ असार

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले नेपाल सरकारका नवनियुक्त मुख्य सचिव डा. बैकुण्ठ अर्याल तथा प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार हरिबोल गजुरेललाई वैदेशिक रोजगार क्षेत्रमा रहेका समस्या पाँच बुँदामा समेटेर अवगत गराउँदै समाधानका लागि ध्यानाकर्षण गराएको छ ।

शुक्रबार संघका अध्यक्ष राजेन्द्र भण्डारीको नेतृत्वमा मुख्य सचिवको स्वागत तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्न गएको संघ कार्यसमितिका पदाधिकारी, सदस्य एवम् पूर्वअध्यक्षहरुको संयुक्त प्रतिनिधिमण्डलले सचिव डा. अर्याल र प्रधानमन्त्रीका सल्लाहकार गजुरेललाई छुट्टाछुट्टै भेटेर वैदेशिक रोजगार क्षेत्रमा रहेका





समसामयिक समस्या तथा त्यसको समाधानका बारेमा विस्तृतरूपमा छलफल गरेको महासचिव मेघनाथ भुर्तेलले जानकारी दिए ।

संघले युरोपेली मुलुकसहितमा मागपत्र प्रमाणीकरण सहजीकरण, इजाजतपत्र नवीकरणका लागि वार्षिक सय जना कामदार पठाउनै पर्ने बाध्यकारी नीतिले पारेको नकारात्मक असर, सेवा शुल्क परिमार्जन, घरेलु कामदारको श्रम स्वीकृति र जापानमा एसएसडब्लु प्रणालीमा कामदार पठाउने प्रक्रियाका सम्बन्धमा अन्तरक्रिया गरेको महासचिव भुर्तेलले बताए ।

यसअघि संघले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा हालै सरुवा भएर आएका सचिव केवलप्रसाद भण्डारीलाई स्वागत एवम् शुभकामना प्रदान गर्ने कार्यक्रममा परराष्ट्र मन्त्रालय वैदेशिक रोजगार क्षेत्रप्रति असहयोगी रहेको चर्को गुनासो गरेको थियो । उक्त कार्यक्रममा सरोकारवालाहरूले मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिएको वैदेशिक रोजगार क्षेत्रलाई सकारात्मकरूपमा अघि बढाउन परराष्ट्र मन्त्रालयले आवश्यक पहल नगरेको गुनासो गरेका थिए ।

महासचिव भुर्तेलले शुक्रबार मुख्य सचिव अर्यालसँगको अन्तरक्रियामा पनि संघका तर्फबाट त्यस विषयलाई गम्भीरताका साथ उठाइएको जानकारी दिए । वैदेशिक रोजगार व्यवसायीहरूले श्रम बजारमा आउने जनशक्तिलाई आन्तरिक रोजगारीका पर्याप्त अवसर नभएको र रेमिट्यान्सले अर्थतन्त्रमा मुख्य भूमिका निभाएको अवस्थामा परराष्ट्र मन्त्रालयसहित युरोपेली मुलुकमा रहेका नेपाली दूतावास र नियोगहरूले आफ्नो तोकिएको जिम्मेवारी सकारात्मकरूपमा निभाएमा नेपाली पृष्ठ २ मा

# अनुत्तरित प्रधानमन्त्री

शरणार्थी ठगी प्रकरण अगाडि बढाएर त्यसमाथि जस लिइरहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड अरु ठूला भ्रष्टाचारका मुद्दामा भने अनुत्तरित रहँदै आएका छन् ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ८ असार ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले प्रधानमन्त्रीमा नियुक्त भएपछि आफ्नो कार्यकालमा भ्रष्टाचारका सानाठूला सबै मुद्दाको किनारा लगाएरै छाड्ने प्रतिबद्धता गरेका थिए । तर, नियुक्त भएको ६ महिना बढी भइसक्दा प्रधानमन्त्रीले बालुवाटारको जग्गा प्रकरण, सेक्युरेटी प्रिन्टिङ प्रेश, बाइडबडी, एनसेल, यति, ओम्नी र सुडान घोटाला लगायत प्रकरणलाई प्राथमिकता दिन सकेको देखिदैन ।

तसर्थ संसददेखि सडकसम्म पटकपटक ठूला भ्रष्टाचारका मुद्दा छानबिन गर्न माग उठिरहेका छन् । 'चर्चित भ्रष्टाचार काण्डहरुको छानबिनमा ढिलाई किन भयो? सर्वोच्च अदालतको प्रधानन्यायाधीशको संयोजकत्वमा न्यायिक, निष्पक्ष र पारदर्शी शक्तिशाली आयोग गठन गरेर दोषीलाई कारवाही गरौं', नेपाली कांग्रेसका नेता अर्जुननरसिंह केसीले भने । उनले भ्रष्टाचारलाई संरक्षण गर्ने दल र नेताहरु आगामी चुनावबाट सकिने दाबी गरेका हुन् ।

हुनपनि, निकै चर्चामा रहेको बालुवाटारको



जग्गा प्रकरणमा वर्षौबितिसक्दा छानबीन हुन सकेको छैन । पूर्वप्रधानमन्त्री सहित विभिन्न उच्चपदस्थ व्यक्तिहरुको नाम जोडिएपछि अनुसन्धानलाई रोकिएको छ ।

२०६६ सालमा खरीद गरिएको बाइडबडी विमानमा घोटाला भएको पुष्टि हुँदाहुँदै पनि सो विषयबारे हालसम्म पनि गहिरो अनुसन्धान हुन सकेको छैन । यरबस विमान खरिदका लागि कार्यकारी अध्यक्ष सुगतरत्न कंसाकारले सञ्चालक समितिको निर्णय र आवश्यक रकमको पृष्ठ २ मा

# गोरखामा जिप दुर्घटना हुँदा पाँच जनाको मृत्यु

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ असार

गोरखाको सहिद लखन गाउँपालिकामा जन्ती बोकेको जिप दुर्घटना हुँदा पाँच जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा चार पुरुष र एक महिला रहेका छन् ।

दुर्घटनामा परी सहिद लखन गाउँपालिका-५ का १९ वर्षीय प्रविन थापा, २४ वर्षीय वीरबहादुर थापा, १९ वर्षीय निरज थापा र १७ वर्षीया नविना थापा तथा सहिद लखन-४ का ६४ वर्षीय थनबहादुर थापाको मृत्यु भएको हो । जिल्ला प्रहरी कार्यालय गोरखाका प्रहरी नायव उपरीक्षक लिलाराज लामिछानेका अनुसार उक्त दुर्घटनामा १२ जना घाइते भएका छन् । उनीहरुमध्ये तीन जनाको अवस्था गम्भीर रहेको डिएसपी लामिछानेले बताए । उनीहरुलाई थप उपचारका लागि चितवनको भरतपुर लगिएको छ। अन्य घाइतेको आँबुखैरेनीमा उपचार भइरहेको छ ।



सहिद लखन गाउँपालिका-३ चिलिङकोटबाट बेहुली लिएर सहिद लखन-५ ताक्लुङ फर्किंदै गरेको ०१-०२३ च ४४२७ नम्बरको जिप गए राति दुर्घटनामा परेको हो । घटना लगत्तै डिएसपी लामिछानेको नेतृत्वमा प्रहरी टोली घटनास्थलमा गएको थियो । जिप सडकबाट झण्डै दुई सय मिटर तल खसेको बताइएको छ ।

यसैबीच काठमाडौंबाट भारतको राजस्थान जाँदै गरेको यात्रु बस धादिङको गल्छी गाउँपालिका ७ गल्छीमा दुर्घटना भएको छ। दुर्घटनामा एक जनाको मृत्यु भएको छ भने १३ जना घाइते भएका छन्। एआर ०६ ई ७०३१ नम्बरको बस गल्छी मोडमा काठमाडौं आउँदै गरेको ना ६ ख ४९४० नम्बरको कन्टेनर ट्रकलाई ठक्कर दिई दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय धादिङले जनाएको छ। उक्त बसमा ३० जना सवार थिए । तीमध्ये केही घाइते भएका र उनीहरुलाई गल्छीको अम्बी भरोसा अस्पताल उपचार भइरहेको छ । घाइतेहरुमध्ये भारतको राजस्थानको १२ वर्षका एक बालकको मृत्यु भएको छ । बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

## पहिरोमा परी एकै घरका चार जनाको मृत्यु

ओखलढुंगामा पहिरोमा परी एकै परिवारका चार जनाको मृत्यु भएको छ । चम्पादेवी गाउँपालिका- ८ मा बिहीबार राति पहिरो जाँदा एकै घरका चार जनाको मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालयका अनुसार गाउँपालिका गुरुङ बस्तीका बिहीबार राति ११-१२ बजेको आसपासमा पहिरो गएको थियो । मृत्यु हुनेमा ३६ वर्षीय रणबहादुर गुरुङ, उनकी श्रीमती २९ वर्षीया शिवमाया, छोरा १० वर्षीय दिनेश र छोरी डेढ वर्षीया कविताको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय ओखलढुंगाले जनाएको छ । सो घटनाबारे जानकारी पाए लगत्तै नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीय बासिन्दा घटनास्थल पुगेको थियो ।

स्वास्थ्य सर्वेक्षण

# नेपालमा प्रजनन दर आधाले घट्यो, मातृ स्वास्थ्य बढ्दो क्रममा

**काठमाडौं/मस**–नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ को नतिजा सार्वजनिक भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले शुक्रबार एक औपचारिक कार्यक्रमबीच सर्वेक्षणको नतिजा सार्वजनि गरेको हो ।




सन् २०२२को नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण (एनडिएचएस) नतिजाले समग्र नेपालीको स्वास्थ्यमा सुधार भएको देखिएको छ । सर्वेक्षणको नतिजाले नेपालमा मातृ तथा नवजात शिशु स्वास्थ्य हेरचाह, पोषण, प्रजनन तथा बाल स्वास्थ्यमा प्रगति भएको देखाएको छ। नेपालमा सन् १९९६ पछि गरिएको यो छैठौं जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण हो ।

सर्वेक्षणअनुसार नेपाली महिलाले लिने मातृ स्वास्थ्य सेवा पछिल्ला वर्षमा बढ्दो क्रममा देखिएको छ। हाल ९४ प्रतिशत गर्भवती महिलाले दक्ष स्वास्थ्यकर्मीबाट गर्भवती सेवा पाइरहेको देखिएको छ । सर्वेक्षणअनुसार नेपालमा आधाभन्दा बढी ५७ प्रतिशत विवाहित महिलाले परिवार नियोजनको साधन वा विधि प्रयोग गर्छन् । जसमध्ये ४३ प्रतिशतले आधुनिक परिवार नियोजनको साधन वा विधि प्रयोग गर्छन् भने १५ प्रतिशतले परम्परागत विधि प्रयोग गर्ने गरेका छन्। महिला बन्ध्याकरण, डिपो र इम्प्लान्टजस्ता आधुनिक परिवार नियोजनका साधन वा विधि नेपालमा सबैभन्दा बढी प्रयोग भएको पाइएको छ ।

नेपालले कूल प्रजनन् दरलाई दुई दशमलव एकमा घटाउने दिगो विकास लक्ष्य २०३० लाई पूरा गरेको यो अध्ययनबाट देखिएको छ। विगत साढे दुई दशकमा नेपालमा प्रजनन दर आधाले घटेको देखिन्छ। सन् १९९६ मा एक जना महिलाले औसत पाँच बच्चा जन्माउने गरेकोमा सन् २०२२ मा औसत दुई दशमलव एक बच्चा मात्र जन्माउने गरेको देखिएको छ ।

त्यसैगरी, पाँच वर्ष मुनिको बाल मृत्युदर उल्लेखनीयरूपमा घटेको देखिन्छ । सन् १९९६ मा पाँच वर्ष मुनिका प्रति एक हजार जीवित जन्ममा एक सय ९८ को मृत्यु हुने गर्दथ्यो । सो मृत्युदर तुलनात्मकरूपमा घटेर हाल प्रति एक हजार जीवित जन्ममा ३३ को मृत्यु हुने गर्दछ ।

दीर्घकालीन कुपोषणको एउटा संकेत पुड्कोपन वा उमेरअनुसार उचाइ कम हुनु हो । यो सर्वेक्षणअनुसार सन् १९९६ मा ५७ प्रतिशत रहेको पुड्कोपन घटेर सन् २०२२ मा २५ प्रतिशतमा झरेको छ ।

यो सर्वेक्षणले स्वास्थ्य क्षेत्रमा धेरै प्रगति भएको देखाए पनि चुनौती अझै बाँकी रहेकोसमेत उल्लेख गरेको छ । नेपालमा छ महिनाभन्दा कम उमेरका शिशुलाई पूर्णरुपमा स्तनपान गराउने प्रवृत्तिमा समयसँगै उतारचढाव भएको देखिन्छ । यस्तो तथ्यांक सन् १९९६ मा ७५ प्रतिशत थियो भने सन् २०२२ मा ५६ प्रतिशतमा झरेको छ ।

विश्व पोषण निर्देशिकाले शिशुलाई बाल मृत्यु तथा अन्य रोगहरुबाट बचाउनको लागि जन्मेको पहिलो छ महिनासम्म पूर्णरुपमा स्तनपान मात्र गराउन सिफारिस गर्दछ । साथै, नवजात शिशु मृत्यु दर पछिल्लो दशकमा प्रतिएक हजार जीवित जन्ममा २१ जना शिशुको मृत्यु हुने गरेको देखिएको छ । किशोरी अवस्थाको प्रजनन दर उच्च रहेको यो अध्ययनबाट देखिन्छ । जसमा १५ देखि १९ वर्ष उमेर समुहका १४ प्रतिशत किशोरी गर्भवती हुने देखिएको छ ।

# नेपाल-चीन फ्रेण्डसिप 'ड्रागन बोट रेस' शुरु

**कास्की/मस**–पोखरामा शुक्रबारदेखि नेपाल-चीन फ्रेन्डसीप 'ड्रागन बोट रेस फेस्टिभल' शुरु भएको छ । फेस्टिभलमा नेपालका दुई र चीनका दुई टोली सेमिफाइनलमा प्रवेश गरेका छन् ।

फेवातालमा भएको सो प्रतियोगितामा नेपालका चार र चिनियाँ चार गरी आठ टोलीबीचको प्रतिस्पर्धामा दुई-दुई टोली अघिल्लो चरणमा प्रवेश गर्न सफल भए । प्रतियोगितामा दुई सय र पाँच सय मिटरको दुई-दुई चरणको प्रतिस्पर्धाबाट सेमिफाइनल प्रवेश गर्ने टोली छनोट गरिएको हो। प्रतियोगिताको सेमिफाइनल र फाइनल शनिबार हुनेछ ।

नेपालको ऱ्याफ्टिङ एन्ड क्यानोइङ एशोसिएसन (एनआरसीए) र नेपाल एशोसिएसन अफ र्‍याफ्टिङ एजेन्सिज (नारा) तथा चीनको सिचुवाङ ड्रागन समूह र युनान ड्रागन समूह अघिल्लो चरणमा पर्न सफल भएको प्रतियोगिताका प्राविधिक प्रमुख मीनबहादुर मगरले बताए । बोट रेसको दुई सय मिटरमा सिचुवाङले एक मिनेट ४८ सेकेन्ड र पाँच सय मिटरमा भने चार मिनेट ३८ सेकेन्डमा निर्धारित दूरी पार गरेको थियो । नेपालको नाराको टोलीले दुई सय मिटरको दूरी एक मिनेट ५३ सेकेन्डमा पार गर्न सफल भयो ।

## ठूलो परिमाणमा लागुऔषधसहित १० जना पक्राउ



**काठमाडौं/मस**– प्रहरीले पछिल्लो दुई साताको अवधिमा दुई करोड ३३ लाख बढी मूल्य बराबरको लागुऔषधसहित विदेशी र नेपाली १० जनालाई पक्राउ गरेको छ ।

लागुऔषध नियन्त्रण ब्यूरोले गएको जेठ २८ देखि शुक्रबारसम्म गरेको आठवटा लागुऔषधविरुद्धको अपरेशनमा उनीहरूलाई पक्राउ गरी ठूलो परिमाणको लागुऔषध बरामद गरेको हो ।

ब्यूरोका प्रहरी उपरीक्षक चक्रराज जोशीका अनुसार पक्राउ पर्नेमा पाँच जना विदेशी छन् भने पाँच जना नेपाली रहेका छन्। उनीहरूको साथबाट कोकिन तीन दशमलव सात ग्राम, खैरो हेरोइन एक सय ग्राम, एम्फेटामाइन ४० दशमलव ५० ग्राम, चरेस सात किलो, गाँजा झन्डै पाँच किलो, कोडिन १६ बोतल र एलएसडी स्टिकर १० हजार बरामद गरिएको प्रहरीले जनाएको छ।

उक्त लागुऔषधसहित विभिन्न स्थानबाट पक्राउ गरिएकामा राज गौतम, मुखिया गुरुङ, दावा तामाङ, नरबहादुर तामाङ, सुगम मैनाली, भारतीय नागरिक सञ्जीव कुमार र हेमन्तकुमार भगत तथा विभिन्न देशका नागरिक डेभिड मिनाडो, मार्टिन शेर्ना, पवल वेर्ष्ट रहेका छन्। उनीहरूमाथि अदालतबाट म्याद लिएर आवश्यक अनुसन्धान भइरहेको प्रहरी उपरीक्षक जोशीले जानकारी दिए ।

### ओलीमाथि...

नेपाली कांग्रेसलाई प्रभावित पारेर कांग्रेसले नै सरकार चलाओस्, साथ दिन तयार छु भनिरहेको छ' अध्यक्ष नेपालले भने ।

गत १६ जेठमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पनि यस्तै संकेत दिनेगरी सार्वजनिक अभिव्यक्ति दिएका थिए। बजेटबारे बोल्दै प्रधानमन्त्री प्रचण्डले सत्ता ढल्ने अवस्था आए पनि आफू भ्रष्टाचार विरोधी अभियानबाट पछि नहट्ने बताएका थिए । 'सरकार ढल्ने अवस्था आए पनि भ्रष्टाचार नियन्त्रणमा कुनै सम्झौता हुँदैन', प्रधानमन्त्री प्रचण्डले भनेका थिए।

प्रधानमन्त्री प्रचण्डले भारत भ्रमणमा जानु अघिल्लो दिन मात्रै यस्तो अभिव्यक्ति दिएका थिए । छिमेकी देशको भ्रमणमा निस्कनु अगाडि सत्ता ढल्ने अवस्थाको कल्पनामा सार्वजनिक अभिव्यक्ति दिनु आफैमा अर्थपूर्ण थियो । तर त्यो अभिव्यक्तिलाई प्रचण्डले भ्रष्टाचार विरोधी अभियानसँग जोडेका थिए ।

फेरि अर्का सत्तारुढ दलका अध्यक्ष आफैले सरकार परिवर्तनको खेल भइरहेको बताउनु अर्थपूर्ण छ। अझ माधव नेपालको अहिलेको सत्ता समीकरण निर्माण गर्न महत्वपूर्ण भूमिका खेलेका नेता हुन्। गत १० पुसमा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड एमालेकै समर्थनमा प्रधानमन्त्री बनेका थिए ।

त्यसबेला एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), जनता समाजवादी पार्टी (जसपा), जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी र केही स्वतन्त्र सांसदको समर्थनमा प्रचण्ड प्रधानमन्त्री नियुक्त भएका थिए । तर सत्ता निर्माणमा छुटेका एकीकृत समाजवादीका अध्यक्ष नेपाल आफै सत्ता समीकरण परिवर्तनको खेलमा लागे ।

उनकै सक्रियतामा नेपाली कांग्रेस नेतृत्वको सत्ता समीकरण बन्यो । एमालेको समर्थनमा प्रधानमन्त्री बनेका प्रचण्ड राष्ट्रपतिको चुनावमा कांग्रेस, एकीकृत समाजवादी लगायतको गठबन्धनमै फर्किए । गत ४ मंसिरको चुनावमा पनि कांग्रेस नेतृत्वकै गठबन्धनमा माओवादी केन्द्र, एकीकृत समाजवादी लगायत पाँच दल आवद्ध थियो ।

प्रचण्डले सत्ता गठबन्धन बदलेकाले राष्ट्रपतिमा कांग्रेस नेता रामचन्द्र पौडेल र उपराष्ट्रपतिमा जसपाका रामसहायप्रसाद यादव निर्वाचित भए । सत्ता समीकरण परिवर्तनले एमाले, रास्वपा र राप्रपा प्रतिपक्षी भूमिकामा छ। संघ सहित ६ प्रदेशमा सत्तारुढ गठबन्धनको सरकार छ । तर कोशी बाहेकका प्रदेश सरकार र संघ सरकारले आगामी आर्थिक वर्षका निम्ति बजेट ल्याएको छ । तर त्यस्तो बेला प्रधानमन्त्री प्रचण्ड र सत्ता साझेदार एकीकृत समाजवादीका अध्यक्ष नेपालको सार्वजनिक अभिव्यक्तिलाई चासोका साथ हेरिएको छ । त्यसको आशंकामा भने एमाले अध्यक्ष ओली छन् ।

### सधैं...

थिए । भट्टराईतिर जान नदिन त्यसबेला उपेन्द्रले अशोकलाई यो पद दिएका थिए ।

जसपामा यो संरचनालाई पार्टी जत्तिकै शक्तिशाली मानिएको थियो । त्यसअघि अशोक राई नेतृत्वको पार्टीसँग एकता गर्दा नभएको संरचना बाबुरामका निम्ति सिर्जना गरिएको थियो। तर अहिले अशोक राई शिक्षा मन्त्री रहेका बेला उपेन्द्रले यो पद खारेज गर्ने तयारी गरेका छन् ।

यदि विधान महाधिवेशनले यस्तो निर्णय गरेमा उपेन्द्र यादव पार्टीभित्र झनै शक्तिशाली हुनेछन्। उपेन्द्र यो पार्टीका संस्थापक अध्यक्ष नै हुन्। २०५४ सालमा गैरसरकारी संस्थाका रुपमा अध्यक्ष भएका यादव २०६४ को मधेश आन्दोलनपछि राजनीतिक दल र त्यसको नेताका रुपमा परिणत भएका थिए ।

२०६४ को मधेश आन्दोलनपछि नेपाली कांग्रेसबाट बिजयकुमार गच्छदार, नेकपा एमालेबाट महिन्द्रराय यादव लगायत नेताहरु उपेन्द्रको नेतृत्वमा रहे। तर लगत्तै गच्छदार र महिन्द्ररायले विभाजित भएर अलग-अलग पार्टीका अध्यक्ष भए । गच्छदार कांग्रेसमै फर्किए भने महिन्द्रराय यादव अहिले बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टीमा छन् ।

बीचमा मधेश आन्दोलनका पुराना नेता महन्थ ठाकुर नेतृत्वको तत्कालीन राष्ट्रिय जनता पार्टीसँग उपेन्द्रले पार्टी एकता गरे। ठाकुरसँगै उपेन्द्र समान अध्यक्ष रहे । तर ठाकुरले पार्टी विभाजन गरी अहिले लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) को नेतृत्व गरिरहेका छन्। जुन पार्टीले गत चुनावमा राष्ट्रिय दलको मान्यता पाउन सकेन ।

### संघद्वारा...

युवायुवतीले आकर्षक मानिएको युरोपेली मुलुकको श्रम बजारमा रोजगारी पाउने र खाडी तथा मलेसियामाथिको निर्भरता हटाउन सकिने अडान राख्दै आएका छन् ।

### अनुत्तरित...

व्यवस्था नहुँदै बैना पठाउनुलाई भ्रष्टाचार भन्दै निगमका तत्कालीन कार्यकारी अध्यक्ष कंसाकार, नायव महाप्रबन्धकद्वय राजकुमार केसी र गणेश ठाकुर विरुद्ध अदालतमा मुद्दा समेत पर्यो, तर सो विषयबारेको सत्यतथ्य हालसम्म पनि सावर्जनिक हुन सकेको छैन ।

त्यस्तै, लाउडा प्रकरण, मेलम्ची खानेपानीको भ्रष्टाचार, सुडान घोटालाजस्ता ठूला काण्डको वर्षो बित्दा पनि सत्यतथ्य बाहिर आउन सकेको छैन । बरु, नाम मुछिएका नेपाली कांग्रेसका नेताहरुले उन्मुक्ति पाइरहेका छन्। कोरोना महामारीका समयका चर्चामा आएको ओम्नी प्रकरण, यति होल्डिङ, माओवादी लडाकुको रकममा भएको भ्रष्टाचार र बुढीगण्डकी जलविद्युत आयोजनामा जोडिएका भीआइपीहरुको मुद्दा त्यसै सेलाउँदै गएको छ ।

यद्यपि, विभिन्न भ्रष्टाचारको मुद्दामा कांग्रेस नेता खुमबहादुर खड्का, जयप्रकाश गुप्ता, गोविन्दराज जोशी र चिरञ्जीवी वाग्ले भने जेल गएका थिए। त्यस्तै, हाल अनुसन्धानकै क्रममा रहेको भुटानी शरणार्थी प्रकरणमा पनि पूर्वमन्त्री र सचिवहरु जेल गएका छन्। यद्यपि, सो विषयबारे अन्तिम फैसला भने आउनै बाँकी छ। तर, सो विषयमा पनि सत्यतथ्य बाहिर नआउनेमा जनताहरु सशंकित देखिएका छन् ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७७/०६/०७ मा दर्ता भएको **प्रा.लि. नं. २४२८४७** को **महारुद्र पनेरु साना उद्योग प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०३/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**KUWAIT र UAE मा वैदेशिक रोजगारको अवसर**

१. कम्पनी: AGTHIA GENERAL TRADING & CONTRACTING — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/०२/२९ चलानी नं.: ६०२०३००६ L.T. No.:287633 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 97 | 0 | सम्बन्धित काममा दक्ष | 160 | ६८,१५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 96 | 0 | | 150 | ६३,८९९ | | | | | | | |

२. कम्पनी: KUWAIT FOOD COMPANY - AMERICANA — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०७९/०९/०५ चलानी नं.: ६०१९३५५१ L.T. No.:278002 पुनःविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter/Waitress | 97 | 70 | स. काममा दक्ष | 120 | ५१,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: KUWAIT FOOD CO. AMERICANA L.L.C. — शहर: UAE
पूर्व स्वीकृत मितिः २०७९/०२/३० चलानी नं.: ६०१८०९१४ L.T. No.:264946 पुनःविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 150 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,७४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waitress | 0 | 16 | | 1200 | ४२,७४४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय कुपन्डोल, ललितपुरमा २०८० असार १६ गते (1 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

AKP Gov. Lic. No. 712/064/065
AIR KINGS PLACEMENT PVT. LTD.
साविक (VRINDIT SERVICES PVT. LTD.)
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196

**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : GULF ASIA CONTRACTING — शहर : DOHA
पुर्व स्वीकृत मितिः २०७९/१२/३० चलानी नं.: ६०२०००५५ L.T. No.: 284757 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Digger | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३९,५०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 200 | 0 | | 1000 | ३५,९१० | | | | | | | |
| 3. | Painter | 20 | 0 | | 1100 | ३९,५०१ | | | | | | | |
| 4. | Technician | 20 | 0 | | 1100 | ३९,५०१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार १६ गते (1 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

ASIAPOWER Govt Lic No. 1198/073/074
Asiapower Recruitment Consultants Pvt. Ltd.
P.O.Box: 24384, Sukedhara, Kathmandu, Nepal
Tel : 4016618, 4016797, Mob.: 9851065493, 9823570388
E-mail : asiapowernepaljob@gmail.com

**साउदीमा रोजगारको अवसर** | कम्पनी: AHMED M ALOMAIR SONS CO. — शहर: KSA
पूर्व स्वीकृत मितिः २०८०/०३/०३ चलानी नं.: ६०२०३३४५ LT. No.: 287969

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४१,८५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Truck Driver | 1 | 0 | | 1700 | ५९,२९६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असार १६ गते (1 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले ब्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

इजाजत पत्र नं. ३९८/०६०/०६१
फ्रेन्डशिप म्यानपावर कन्सल्टेन्सी प्रा. लि.
बसुन्धारा-३, काठमाडौं, नेपाल फोनः ५९०४९५५, फ्याक्सः ४४३४४६६
Email: info@friendshipmanpower.com | Web.: www.friendshipmanpower.com

**कतारमा रोजगारको अवसर** | १. कम्पनी: AFAQ AL ALAM TRAD. CONT.& CLEANING W.L.L. — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०८०/०३/०८ चलानी नं.: ६०२०३५७६ LT. No.: 288293

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Supervisior | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८९७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 10 | 0 | | 1000 | ३५९१० | | | | | | | |
| 3. | Brick Mason | 1 | 0 | | 1100 | ३९५०१ | | | | | | | |
| 4. | General Clean Worker | 4 | 0 | | 1000 | ३५९१० | | | | | | | |
| 5. | Carpenter | 1 | 0 | | 1100 | ३९५०१ | | | | | | | |
| 6. | Painter | 1 | 0 | | 1100 | ३९५०१ | | | | | | | |
| 7. | Hanna Beautician | 0 | 3 | | 1700 | ६१०४७ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० असार १६ गते (1 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले दिने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम ईजाजत नं. ४७०/०६०/६१
अल सदिल फर रिक्रुटमेन्ट प्रा. लि.
बसुन्धारा-३, काठमाडौ, फोन नं: 014375767
Mob: 9844065129, 9851129355 Email: misnepal09@gmail.com

# आपत्कालीन उपचारका लागि तयारी अवस्थामा रहन स्वास्थ्यमन्त्रीको निर्देशन




**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ असार

स्वास्थ्य तथा जनसंख्या मन्त्री मोहनबहादुर बस्नेतले आपत्कालीन उपचार सेवा प्रदान गर्न तयारी अवस्थामा रहन देशभरिका चिकित्सक र स्वास्थ्यकर्मीलाई निर्देशन दिएका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्वस्वास्थ्य संगठनको संयुक्त आयोजनामा शुक्रबारदेखि शुरु भएको आपत्कालीन चिकित्सा टोलीको राष्ट्रिय कार्यशाला शुभारम्भ गर्दै उनले देशमा बाढीपहिरोको प्रकोपसँगै विभिन्न सरुवा रोगको सङ्क्रमण पनि बढ्ने खतरा रहेकाले सबै स्वास्थ्य संस्थाले आवश्यक औषधि र उपकरणसहित आपत्कालीन उपचारका लागि तयारी अवस्थामा रहन निर्देशन दिएका हुन् ।

मन्त्री बस्नेतले भने, 'आपत्काल कतिबेला आउँछ अन्दाज गर्न सकिँदैन । हाम्रो देशमा हरेक वर्षजसो बाढीपहिरो आएकै हुन्छ । त्यसैले समयमा यसको व्यवस्थापन कसरी गर्ने भन्ने योजना बनाएर अगाडि बढ्यौं भने उपचारबाट बञ्चित हुनुपर्ने अवस्था रहँदैन ।'

आपत्कालीन अवस्था आउनुभन्दा पहिले नै हामीले कम्तीमा पनि सम्भावित क्षेत्रमा खाद्यान र औषधि उपलब्ध गराउनका लागि सम्भावित क्षेत्रमा औषधि पठाइसकेको उनले जानकारी दिए ।

स्वास्थ्य सेवा विभागका महानिर्देशक डा.दीपेन्द्ररमण सिंहले मन्त्रालयले आपत्कालीन अवस्थामा उपचारका लागि देशका २५ अस्पताललाई 'हब अस्पताल' बनाएर त्यहाँको जनशक्ति तयारी अवस्थामा राखिएको जानकारी दिए । उनले भने, 'कुनै ठाउँमा संकट आइपर्दा सबै एक ठाउँमा आएर संकट व्यवस्थापन गर्न सक्षम छौं ।'

सातवटै प्रदेशमा आपत्कालीन सेवाकेन्द्रमार्फत काम भइरहेको र त्यसको नेतृत्व सम्बन्धित प्रदेशका स्वास्थ्य निर्देशनालयका निर्देशकले गरिरहेको डा. सिंहले बताए । विश्वस्वास्थ्य संगठनका नेपाल प्रतिनिधि डा.राजेश सम्भाजीराव पाण्डवले आपत्कालीन अवस्थामा उपचार सेवा नरोकियोस् भन्नेबारे ध्यान दिनुपर्नेमा जोड दिए ।

## वीरका सात सय शय्या निःशुल्क

वीर अस्पतालमा शुक्रबारदेखि बिरामीका लागि निःशुल्क शय्याको व्यवस्था गरिएको छ । चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको कार्यकारी परिषद्ले आजदेखि बिरामीका लागि सात सय साधारण शय्यामा लाग्ने शुल्क निःशुल्क गर्ने निर्णय गरेको अस्पतालका निर्देशक डा. सन्तोष पौडेलले जानकारी दिए ।

उनले स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतको विशेष पहलमा निःशुल्क शय्याको व्यवस्था गरिएको बताए । उनका अनुसार अस्पतालले सात सय साधारण शय्या निःशुल्क गरिएको छ । मन्त्रालयको पहलमा शय्यावापत आउने पैसाको सोधभर्ना गर्नेगरी सर्वसधारणका लागि निःशुल्क गरिएको निर्देशक डा.पौडेलले जानकारी दिए । यसअघि प्रतिदिन रु दुई सय शय्यामा शुल्क लाग्ने गरेको थियो । अस्पतालमा क्याविन, सघन उपचारकक्ष (आइसीयू) गरी नौ सय ६० शय्या रहेका छन् ।

# विपन्न मुसहर महिलाहरुलाई बाख्रा, पाडी र बंगुर वितरण



**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, ८ असार

सर्लाही हरिपुर नगरपालिका-९ पिडारीका अति विपन्न मुसहर महिलाहरुलाई पशु वितरण गरिएको छ ।

गरिब तथा विपन्न मुसहर समुदायका महिलाहरुको जिविकोपार्जन गर्ने उद्देश्यले साउथ एसिया पार्टनरसीप नेपाल साप नेपाल नामक गैरसरकारी संस्थाले १६ घरपरिवारलाई बाख्रा, २ जनालाई भैंसीको पाडी र २ जनालाई बंगुर सहयोग गरेको हो । पशु खरिदका लागि साप नेपालले समूहलाई डेढ लाख रुपैयाँ उपलब्ध गराएको थियो । उनीहरु स्वयम् आफैंले गाँउ तथा हाट बजारबाट बाख्रा तथा पाडीहरु किनेर ल्याएका थिए । मुसहर महिला सशक्तिकरण मञ्च गठन गरी उनीहरुले पशुपालन समूह दर्ता समेत गरेका छन् ।

पशुपालनबाट आयआर्जन हुन लागेसँगै मुसहर महिलाहरुले आफ्ना बालबालिकाहरुलाई विद्यालय पढ्न पठाउन थालेका छन् । उनीहरुले मासिक रुपमा बचत गर्दै आएका छन् । साप नेपालले समूहमा हालसम्म डेढ लाख रुपैयाँ बराबरको कोष समेत स्थापना गरेको छ ।

हरिपुर नगरपालिकाका वडा नं ९ का वडा अध्यक्ष विश्वनाथ यादवले मुसहर समुदायको आयआर्जनका लागि नगरपालिकाले आगामी दिनमा पशुपालन, तरकारी खेती गर्न बजेट विनियोजन गर्ने बताए । मुसहर टोलमा जाने बाटो ढलान गर्न बजेट छुट्याइएको र सामुदायिक भवन समेत आगामी कार्यकालमा बनाउने उनले प्रतिवद्धता जनाए ।

मुसहर महिला सशक्तिकरण मञ्चकी अध्यक्ष जय कुमारी माझीले समूहका विपन्न मुसहर महिलाहरु छानौट गरेर पहिलो चरणमा पशु वितरण गरिएको बताइन् । उनले पशुपालन सम्बन्धी तालिम र पशु बीमाको व्यवस्था गर्न अनुरोध गरेकी छन् ।

उक्त समूहका अधिकांश मुसहर बालबालिकाहरुको नगरिकता, जन्मदर्ता नभएको कारण सरकारले दिने सेवा सुविधाबाट समेत बञ्चित हुनु परेकोले विगत एक वर्षदेखि साप नेपालले जन्मदर्ता र विद्यालय भर्ना अभियान चलाउँदै आएको थियो । यस वर्षको शैक्षिक सत्रमा ५५ जनालाई विद्यालयले पोशाक उपलब्ध गराएको छ ।

महिलाहरुलाई स्थानीय स्तरमानै रोजगारीको अवसर सृजना गरेर आयआर्जन गर्ने उद्देश्यले पशु चौंपाय वितरण गरेको साप नेपालका प्रादेशिक संयोजक जनक कार्कीले बताए ।

अण्डेफको आर्थिक सहयोग र साप नेपालको आयोजनामा सञ्चालित लैंगिक उत्तदायी सुशासन प्रवर्द्धन कार्यक्रम अन्तर्गत हरिपुर न.पा वडा नं.९ पिडारीमा मुसहर महिला सशक्तिकरण मञ्चका सदस्यहरुलाई जेण्डर, समूह व्यवस्थापन, नेतृत्व विकास, सामाजिक मूल्यमान्यता, बालविवाह, बहुविवाहविरुद्ध सचेतना कार्यक्रम सञ्चालन गर्दै आएको छ । यसका साथै स्थानीय योजना निर्माण तथा लैंगिक उत्तरदायी बजेट सम्बन्धी अनुशिक्षण कार्यक्रम र रिफ्लेक्ट कक्षाहरु सञ्चालन गर्दै आएको छ ।

# अन्तर्राष्ट्रिय एसओएस दिवसको अवसरमा रक्तदान




**पवन जायसवाल/मध्यान्ह**
बााके, ८ असार

एसओएसको ३७औं अन्तर ाष्ट्रिय दिवसको अवसरमा शुक्रबार एसओएस युवालय नेपालगञ्जले रक्तदान कार्यक्रम आयोजना गरेको छ । महिला पुरुष गरेर ३५ जनाले रक्तदान गरेको कार्यक्रम एसओएस युवालय नेपालगञ्जका नायब निर्देशक तुलाराम बिश्वास र नेपाल स्वयंसेवी रक्तदाता समाज बाँके शाखाकी अध्यक्ष दिला शाहले संयुक्तरुपमा रगत संकलन गर्ने पाकेट प्रादेशिक रक्त सञ्चार सेवा केन्द्रका प्राविधिक तथा नेपाल स्वयंसेवी रक्तदाता समाज बाँके शाखाका सदस्य होमराज गिरीलाई हस्तान्तरण गरी उद्घाटन गरेका थिए ।

नेपाल स्वयंसेवी रक्तदाता समाज बाँके शाखा एवं जनमत अर्द्ध साप्ताहिकको संयोजनमा गरिएको रक्तदान कार्यक्रममा एसओएस युवालय नेपालगञ्जका सहायक निर्देशक द्वय लक्षमण कार्की, मीना कुमारी भुषाल (तुलाधर), नेपाल स्वयंसेवी रक्तदाता समाज उप-शाखा राप्तीसोनारीकी अध्यक्ष दिव्या गुरुङ्ग, श्याम बहादुर थारु, विकास शाही, दिपेन्द्र शाही, हिम बहादुर ओली, कृष्ण प्रसाद खत्री, मनोज चौधरी, हमीद हुसेन अन्सारी, प्रतिक चन्द, सद्दाद हुसेन दर्जी, कमल बोहरा, रमन ढुंगाना, नियमित स्वयंसेवी रक्तदाता लक्षमण कुमार बैश्य, राजेन्द्र लोध, सुन्दर परियार, हंशराज वर्मा, सरोज मरासैनी, योगराज चौधरी (योगेश), अञ्जली ओली, बिजय थारु, कालुराम चौधरी, मोहम्मद आदिल साइ, पुष्कर कुमार जरवट, सावन थारु, मीरा थारु, बिष्णु ओली, सुरज ओली, चन्द्र बहादुर चौधरी, बासुदेव चौधरी, सुरज लामा, गणेश जिएम, झग्गु प्रसाद, प्रेम कार्की लगायत ३५ जनाले रक्तदान गरेका हुन् । कार्यक्रममा प्रादेशिक रक्त सञ्चार सेवा केन्द्रका होमराज गिरी, महेश राना, सञ्जय बढही, केशर सिंह डाँगी लगायतले प्रविधिमा सहयोग गरेका थिए ।

# काठमाडौं महानगरको नीति तथा कार्यक्रम पारित



**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकाको आगामी आर्थिक वर्ष २०८०/८१ नीति तथा कार्यक्रम सर्वसम्मत पारित भएको छ । यही असार ६ गते नगर सभामा पेश भएको नीति तथा कार्यक्रम शुक्रबार बसेको १३औं अधिवेशनको दोस्रो बैठकले पारित गरेको हो ।

अधिवेशनको पहिलो बैठकमा काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साहले आगामी वर्षका लागि ११ बुँदामा नीति र एक सय २५ बुँदामा कार्यनीति पेश गरेका थिए ।

नीति कार्यक्रममा विशेषगरी 'एक वडा, एक पार्क र एक खेल मैदान, सफा, स्वच्छ, सुन्दर, धुलोरहित महानगर, सुलभ फार्मेसी, स्वास्थ्य प्रवर्द्धन केन्द्रको स्थापना र सञ्चालन, कम्तीमा पाँच हजार नयाँ रोजगारीको सिर्जना, अर्गानिक खाद्य तथा तरकारीका आत्मनिर्भर बनाउन सहयोग, कम्तीमा एक लाख विरुवा रोप्ने कार्यक्रम नीतिमा समेटिएका छन् ।

त्यसैगरी परम्परागत खाद्य तथा पेय पदार्थको ब्राण्डिङ् गरेर निर्यात गर्ने, अधिकतम जनसङ्ख्या लाभान्वित हुने तीन वर्षभित्र निर्माण सम्पन्न हुने १० वटा महानगर गौरवका योजना सञ्चालन गर्ने, सुविधा र सहरी शासनका सवाललाई दिगो बनाउन महानगर स्वर्णिम योजना सञ्चालन गर्ने नीतिमा उल्लेख छन् ।

सभामा शिक्षा, स्वास्थ्य, पूर्वाधार, संस्कृति, सम्पदा तथा पर्यटन, वातावरण व्यवस्थापन, संस्थागत विकास तथा सुशासन, राजस्व तथा वित्त व्यवस्थापन, सहरी यातायात, कानुन तथा मानवअधिकार, कृषि तथा पशुपन्क्षी, सामाजिक विकास, खेलकुद, सहकारी, अन्तरराष्ट्रिय सम्बन्धसम्बन्धी कार्यनीति पेश भएका थिए ।

गरिखाने शिक्षा, महानगरको इच्छा', 'एक विद्यालय एक नर्स', 'एक विद्यालय, एक सामाजिक सहजकर्ता', संस्कृति, सम्पदा र पर्यटन, महानगरको धन', 'एक टोल, एक खेलकुद पूर्वाधार', 'सुशासनका लागि अनलाइन सेवा', 'महानगरले देख्छ', 'मेरो रहर, हरित सहर ', 'मिसन २१००' कार्य नीति छन् ।

शुक्रबार भएको नगरसभामा सहभागी सदस्यले सरसफाइमा प्रविधि र उपकरण थप गर्नुपर्ने, सामुदायिक विद्यालयमा दिइँदै आएको दिवा खाजाको रकम पुनरावलोकन गर्नुपर्ने, वर्षौंदेखि करार सेवामा रहेका कर्मचारीलाई प्रक्रिया पूरा गरेर स्थायित्व प्रदान गर्नुपर्ने, सूचना प्रविधिमा आधारित सेवालाई दिगो सञ्चालनमा ल्याउनुपर्ने, निःशुल्क वितरण हुने औषधि वडाबाट प्रदान गरिनुपर्ने, सहकारीमा रहेको जोखिमयुक्त बचतलाई जोगाइदिनु पर्ने, धूमपान तथा सूर्तिजन्य वस्तुको बेचबिखनलाई कानूनबमोजिम रोक लगाउनुपर्नेजस्ता विषयलाई नीति र कार्यक्रममा समावेश गर्नुपर्ने सुझाव दिएका थिए । त्यस्तै बस्तीका बीचमा पुगेका अन्तिम संस्कारस्थलको व्यवस्थापन गर्नुपर्ने विषयमा सुझाव प्राप्त भएको थियो ।

# नेपाल एयरलाइन्सका दुई पाइलट निलम्बित

**काठमाडौं/मस–** नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले नेपाल एयरलाइन्सका दुई पाइलटलाई निलम्बन गरेको छ । काठमाडौं-नारिता उडानका क्रममा उडान सुरक्षा नियम उल्लंघन गरेको पाइएकाले उनीहरुलाई उडान सेवाबाट निलम्बन गरिएको नागरिक उड्डयन प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाले जानकारी दिए । उनका अनुसार निलम्बमा परेका पाइलटले ए ३३० मापदण्ड 'अपरेटिङ प्रोसिजर' पनि पालना नगरेको पाएकाले निलम्बन गरिएको हो । प्राधिकरणले अर्को सूचना जारी नभएसम्मका लागि उडान सेवाबाट निलम्बन गरेको बताए पनि निलम्बनमा परेका दुई पाइलट कोको हुन् भन्ने खुलाएको छैन ।


## KUWAIT मा रोजगार

१. कम्पनी: UNITED UNIVERSAL MEAT TRADING & FOODSTUFF CO.
शहर: Kuwait

पूर्व स्वीकृत मितिः २०७९/०२/१० चलानी नं.: ६०१७९६९६ L.T. No.: 263514 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helpers (Indoor) | 14 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५१,११९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Light Driver | 4 | 0 | | 140 | ५९,६३९ | | | | | | | |

२. कम्पनी: UNITED UNIVERSAL MEAT TRADING & FOODSTUFF CO
पूर्व स्वीकृत मितिः २०२२/१०/२० चलानी नं.: ६०१८९७९६ L.T. No.: 274156 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | BUTCHER | 2 | 0 | सम्बन्धित काममा दक्ष | 160 | ६८,१५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Light Driver | 3 | 0 | | 150 | ६३,८९९ | | | | | | | |
| 3. | WORKER (INDOOR) | 3 | 0 | | 100 | ४२,५९९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार १६ गते (1 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ४४९/०६०/०६१
Quality International Overseas Consultancy Co. (P.) Ltd.
Kathmandu-9 sinamangal, Nepal | Tel:- +977-1-4385950, 6215668, Fax: +977-1-4385950
Email: skboverseas@hotmail.com


# दाइजोको निहुँमा हत्या भएको भन्दै न्यायको अपिल

**काठमाडौं/मस–** दाइजो नल्याएको निहुँमा जनकपुर उपमहानगरपालिका-८ थापाचोककी २२ वर्षीया आरती साहको हत्या भएको भन्दै परिवारले न्यायका लागि अपिल गरेको छ । पीडित परिवारले काठमाडौंमा पत्रकार सम्मेलन गरी श्रीमानसहित परिवारका सदस्य मिलेर आरतीको हत्या भएको माइती पक्षको दाबी छ ।

विसं २०७८ असार ३० गते नगराइन नगरपालिका-८ की आरतीको जनकपुर उपमहानगरका मोतिबाबु साहसँग विवाह भएको थियो । विवाह भएको समयदेखि नै दाइजो कम ल्याएको भन्दै आरतीलाई परिवारले मानसिक र शारीरिक यातना दिँदै आएको मृतक आरतीका माइतीको भनाइ छ । आरतीको हत्यामा श्रीमान् मोतिबाबु साह, ससुरा मदनमोहन साह, सासु रेणुदेवी साह र देवर रवि साहको संलग्नता रहेको माइती पक्षको आरोप छ । हत्या गत जेठ ६ गते नै भए पनि जेठ ७ गते बेलुकामात्रै आफूहरूलाई जानकारी गराएको आरतीका मामा सन्तोषकुमार साहले जानकारी दिए । घटनापछि वास्तविकता लुकाएर पीडकलाई बचाउन प्रहरी प्रशासनदेखि अस्पतालसम्म लागिपरेको सन्तोषको आरोप छ ।


## कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०३/०९**

**जरुस ईन्टरनेशनल प्रा.लि.** को मिति २०८०/०१/१९ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **क्लब हाउस ईभेन्ट्स प्रा.लि. (प्रा.लि. नं.: २६४३०५)** साथै साविक ठेगाना परिवर्तन गरी **काठमाडौं महानगरपालिका-०१, काठमाडौं** कायम गर्ने गरी मिति २०८०/०२/०२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## अनुसुची-१५
## (दफा ३३ को उप -दफा (२) सँग सम्बधिन्त)
## काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रिको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०८०/०३/०९ गते**

श्री जिम्मा सालघारी सामुदायिक वन उपभोक्ता समूह पञ्चपुरी न.पा.-०७, सुर्खेतको सामुदायिक वन बाट २०७९/०८० मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको ए ग्रेड साल जातको गोलीया काठ ४७ थान को ८०५.०७ क्यूफिट काठ, बी ग्रेड साल जातको गोलिया काठ थान ५९ को ७२६.६७ क्यूफिट, सी ग्रेड साल जातको गोलिया काठ थान २७ को २४०.४६ क्यूफिट गरी कुल १३३ थानको १७७२.२९ क्यूफिट काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराका सुचना यस श्री जिम्मा सालघारी सामुदायिक वन उपभोक्ता समूहको कार्यालय पञ्चपुरी न.पा.-०७, सुर्खेत डिभिजन वन कार्यालय भेरी बावियाचौर, सुर्खेतको सुचना पार्टीमा टाँस गरिएको छ ।

**श्री जिम्मा सालघारी सामुदायिक वन उपभोक्ता समुह**
**पञ्चपुरी न.पा.-०७, सुर्खेत**

## हलेसी तुवाचुङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**दुर्छिम, खोटाङ**
**कोशी प्रदेश, नेपाल**


## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशन मितिः २०८०/०३/०९**

अन्नपूर्ण राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार निम्न कार्यका लागि अनलाइन मार्फत दर्ता हुन आएका बोलपत्रहरुमध्ये तपशील बमोजिमका सारभूत रुपमा प्रभावग्राह्य न्यूनतम मूल्याङ्कीत बोलपत्रहरु स्वीकृतका लागि मूल्याङ्कन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उप दफा (३) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्रदाताहरूलाई ७ (सात) दिने आशयको सूचना समेत यसै सूचनाबाट जानकारी गराान्छ ।

| क्र.स. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम | कबोल गरेको रकम रु (Including VAT) |
|---|---|---|---|---|
| 1 | HTM/Goods/NCB-08/2079/080 | Procurement and Delivery of Agricultural Goods | Nepal Thopa Sinchai Pvt. Ltd. | 2,884,764.57/- |

**प्रमुख प्रशासकीय अधिकृत**

कथा

# नुराहाङ्जीको साइकल पसल

आँगनभरि थोत्रा साइकलहरू खोजी ल्यायो । आफैले छिन्नभिन्न पार्दै परीक्षण गऱ्यो । बिगाऱ्यो, बनायो । पुनः बिगाऱ्यो, बनायो । ग्राहकहरू आएको बेला भने घडी, रेडियोको नियमित सेवा गऱ्यो । रहलपहल समयमा साइकलतिर ध्यान दियो । आफ्नो क्षमताको आफैले जाँच गरिरह्यो ।



■ म्यामराज राई

"नमस्कार, नुराहाङ्जी ! एउटा साइकल मलाई पठाइदिनुहोस् । कनेक्ट आइपिएसबाट रकम पठाउँछु है ।"

"नुराहाङ्जी ! अस्ति मैले भनेको थिएँ । तीन वटा साइकल पठाइदिनुभो त ? केटाकेटीहरूले मलाई हैरान पारिसके ।"

"नुराहाङ्जी ! तपाईंकोमा साइकल लिन मान्छे पठाएको छु है ।"

लगातार नुराहाङ्को मोबाइलमा मेसेजको घण्टीसँगै मेसेजहरू आइरहेका थिए । नुरे अर्थात नुराहाङ् निम्न वर्गीय परिवारमा एक्लो सन्तानको रूपमा जन्मेको थियो । खास नाम नुराहाङ् राई हो तर, त्यो नाम शैक्षिक प्रमाण पत्रमा मात्र सीमित रह्यो । साथीभाइ र समाजले नुरे भनेर नाम दर्ता गरिदियो । घरमा आमा, बुवा र ऊ गरी तीन जनाको परिवार । दुई वटा ठूला सडकहरूको संगम स्थलबाट भित्रपट्टि करिब पाँच मिनेट लाग्ने दूरीमा एउटा सानो छाप्रो छ । पुर्ख्यौली जग्गामा बनेको सानो तर, चिटिक्क परेको घर । एउटा सडक पूर्व र पश्चिम गरिरहन्छ । अर्को चाहिँ ओलाङ्चुङ्गोलाको शीतलता तराईसम्म ओसारिरहन्छ । चारैतिरबाट केन्द्रमा उसको घर पर्छ । आर्थिक स्थिति भने जहिले कर्णाली क्षेत्र जस्तै नै भइरह्यो ।

आठ मिनेटको बाटोमा आधारभूत विद्यालय छ । त्यहीँ पढ्यो । आठ कक्षा जेनतेन पूरा गऱ्यो । हरेक कक्षाबाट उत्तीर्ण हुँदा अंग्रेजी र गणित विषयमा असफल हुन्थ्यो । दुई विषय अनुतीर्ण भएपनि कक्षा चढ्न पाइने विद्यालयको नियम थियो । उक्त नियम नुरेको लागि भगवान् साबित भयो ।

"जहिल्यै मुख्य विषयहरू फेल गरेका छौ । भविष्यमा के बन्ने ?" परीक्षाफल प्रकाशित भएको बेला एकदिन हेडसरले नुरेलाई सोध्नुभयो ।

"मेकानिक ।" नुरे जवाफमा बोल्यो ।

"त्यसमा पनि त दिमाग नै चाहिन्छ, क्यारे !"

"म मेरो दिमाग प्रयोग गर्छु ।"

उसको पढ्ने कोठामा उसका किताब, कापीहरू थिए । तर पानाहरू भने पूरै नयाँ हुन्थे । शैक्षिक सत्र सकुन्जेलसम्ममा हरेक कक्षाका किताबहरू प्राय मैलिँदैनथे । पुराना घडी, रेडियोहरू खोजी-खोजी ल्याउँथ्यो । टिपेर, मागेर ल्याउँथ्यो । टुक्रा-टुक्रा पाथ्यो । टुक्रिने ठाउँसम्म टुक्राउँथ्यो । उसले भनेको जस्तै उसको आफ्नो दिमाग प्रयोग गरेको हुनुपर्छ । प्रयोगात्मक क्रियाकलाप गर्न खुब चासो लिन्थ्यो । कक्षाको विषयगत नोट गर्नुभन्दा उसले घडीहरू खोलखाल पार्ने तरिकाहरू बढी नोट गर्थ्यो । घडी, रेडियोहरू बढी खोलिन्थे । किताबी अक्षरहरूभन्दा घडी, रेडियोका काँटीहरू धेरै उसले याद गर्थ्यो । माध्यमिक तहको पढाइ अगाडि बढाउन आधा घण्टाको बाटो धाउनुपर्थ्यो । आउजाउको समय एक घण्टा । त्यो समय नाश गर्न नहुने निचोडमा पुग्यो । ऊ आफ्नो एक्लो निर्णयमा पढाइ हाप्छ ।

"पैसा चिनेको छु । सबैको अन्तिम लक्ष्य पैसा कमाउने नै हो, क्यारे ! कलम चलाउनुको साटो घडीको काँटासित खेल्न मनपर्छ । किताब पल्टाउनुको सट्टा रेडियो खोलखाल पार्न मन लाग्छ त म के गरूँ ? विद्यालय जाने पाइला गन्नुको साटो आफ्नै पौरखमा पैसा गन्ने हो । घडी तथा रेडियो मर्मत केन्द्र खोल्ने हो । पढाइसढाइ गोलिमार, कान्छा ।" आफूले आफैलाई यसै भन्ने गर्थ्यो ।

आफ्नो कोठाको ढोकामा मर्मत केन्द्रको फुच्चे ब्यानर टाँग्यो- नुराहाङ् घडी तथा रेडियो मर्मत केन्द्र । लगनशीलताका साथ लागिपऱ्यो । सुरु सुरुमा बिस्तारै लामबद्ध तरिकाले जरायो, भेडा र गैँडाहरू आउन थाले । ऊ हौसियो । रातोदिन मेहनत गऱ्यो । मानौ मौरीहरूसँग उसको मितेरी साइनो छ । कमिलाहरुसँग पनि अघिल्लो जुनीमा केही सम्बन्ध भएको हुनुपर्छ । या त यही जुनीमा केही न केही साइनो गाँसेको हुनुपर्छ । बिस्तारै बाघ र हात्तीहरूले समेत प्रवेश गर्न थाले । जति जे-जे आए, सबै जतनले सम्हाल्यो । पसिना बगाए बापत प्रतिफल प्राप्त हुँदा साँच्चिकै ऊ दङ्गदास थियो । झन् आफ्नो कामप्रति उत्साहित भयो ।

"ह्या ! यी घडी, रेडियो मात्र कति कोट्याउनु ? साइकल पनि सिक्नुपऱ्यो । यसबाट अलिक आम्दानी होला जस्तो छ । किनकि यो समय साइकलको समयतिर ढल्किँदै छ ।" ऊ आफ्नै मनसित बोल्यो ।



आँगनभरि थोत्रा साइकलहरू खोजी ल्यायो । आफैले छिन्नभिन्न पार्दै परीक्षण गऱ्यो । बिगाऱ्यो, बनायो । पुनः बिगाऱ्यो, बनायो । ग्राहकहरू आएको बेला भने घडी, रेडियोको नियमित सेवा गऱ्यो । रहलपहल समयमा साइकलतिर ध्यान दियो । आफ्नो क्षमताको आफैले जाँच गरिरह्यो ।

"हरे, शिव ! तँसँगसँगैका तेरा साथीहरू पढेर ठूल्ठूला मान्छे हुन्छन् । तँ चाहिँ थोत्रा घडी, रेडियो त कहिले साइकलै छामिराख ।" नुरेलाई उसको बुवाले नराम्ररी हकाऱ्यो ।

"सबैको अन्तिम लक्ष्य भनेको पैसा कमाउनु हैन र, आपा ?" अकाट्य बोलीमा उसले जवाफ फर्कायो ।

"तै पनि तेरो छोरोले कति पढ्योभन्दा मैले के जवाफ दिने ?"

